प्रदेश सरकार

प्रदेश नं ५

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वुटवल, नेपाल

सचिव बैठक नं: ३५

बैठक मितिः २०७६/५/१

उपस्थिती

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री तारा प्रसाद भट्टराई | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री किशोर जोशी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री धनन्जय पौडेल | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री केशवराज आचार्य | नि.सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री श्रीधर ज्ञवाली | नि.सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री रामचन्द्र अर्याल | अधिकृत आठौं | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

१.मिति २०७६/४/२ र ३ गते सम्पन्न आ.व. २०७६/७७ को नीति कार्यक्रम तथा बजेटको कार्ययोजना तर्जुमा वैठकमा सबै मन्त्रालयबाट पेश गरिएको कार्ययोजनाबमोजिम श्रावण महिनामा सम्पादन गरिनुपर्ने गरी समावेश भएका कार्यक्रम तथा क्रियाकलापहरुको प्रगति अवस्थाका वारेमा छलफल तथा समिक्षा गरियो ।कार्ययोजनाबमोजिम सम्पन्न गर्न वाँकी कृयाकलापहरु शीघ्रतापूर्वक

प्रमुख सचिव

सम्पन्न गर्ने ।साथै, २०७६ भाद्र भित्रै कार्ययोजनाबमोजिम कार्यविधि तथा निर्देशिका निर्माण लगायत कार्यान्वयनका लागि आवश्यक अन्य पूर्व तयारी कार्य सम्पन्न गर्न ध्यान केन्द्रित गर्ने ।

२. चालू आ.व. को कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक कानून तथा कार्यविधि निर्माण गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सहमति लिन आवश्यक भए लिई प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गरिनुपर्ने कार्यविधिहरु स्वीकृतिका लागि यथाशीघ्र पेश गर्ने

३. मिति २०७६/४/२ र ३ गते सम्पन्न आ.व. २०७६/७७ को कार्ययोजना तर्जुमा वैठक र श्रावण १२, १३ र १४ मा भएको प्रदेश विकास समस्या समाधान समितिको वैठकमा भएका निर्देशनहरु उपर कुनै द्धिविधा भई स्पष्ट गर्न आवश्यक भएमा सो विषय उल्लेख गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

४. कार्यक्रम तथा बजेट कार्यान्वयनको मासिक प्रगति पठाउँदा चालू वर्ष २०७६/७७ को कार्ययोजनासँग तुलना गर्न मिल्नेगरी खुलाएर कृयाकलापगत प्रगति उल्लेख गरी पठाउने ।चौमासिक प्रगति प्रतिवेदन पठाउँदा प्रतिफल सूचक समेत खुलाई पठाउने ।

५. मन्त्रालय एवम् अन्तर्गत कार्यालयहरुबाट गर्नुपर्ने सूचना विज्ञापनहरुको प्रकाशन एवम् प्रसारण सम्भव भएसम्म स्थानीय प्रकाशन वा प्रसारण संस्थाहरुवाट गर्ने, गराउने ।

६. प्रदेशमा समायोजन भएका वा खटिएका कर्मचारीहरुको आ.ब. २०७५/७६ को कार्यसम्पादन मूल्यांकन सम्वन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) बाट भएको पछिल्लो निर्णयअनुरुप कार्यसम्पादन मूल्यांकन गर्ने गराउने । यसका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रालयहरुका प्रशासन महाशाखा प्रमुखहरुलाई अभिमुखीकरण गराउने ।

७. २०७६ भाद्र मसान्तभित्रमा वुझाउनुपर्ने आ.व. २०७५/७६ को सम्पति विवरण फारम तोकिएको म्यादभित्र पेश गर्न सवै माननीय मन्त्रीज्यूहरु लगायत अन्य पदाधिकारीहरुलाई स्मरण गराउनुका साथै प्रदेश सरकार भित्रका कर्मचारीहरुलाई जानकारी गराउने ।

२०७६/५/४
प्रमुख सचिव

<u>सादर अवगतार्थ</u>

माननीय मुख्यमन्त्रीज्यू

माननीय मन्त्रीज्यूहरु